# गरुडा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## गरुडा, रौतहट
## मधेश प्रदेश, नेपाल

**करारमा नगर प्रहरी पदपुर्तिको लागि दोब्बर दस्तुर बुझाई दरखास्त बुझाउने सम्बन्धी दरखास्त आह्वान सम्बन्धी सूचना**

**(सुचना प्रकाशित मिति २०८१।०४।२९)**

यस नगरपालिका अन्तर्गत नगर प्रहरीको करारमा पदपुर्ति गर्नु पर्ने भएकोले गरुडा नगरपालिका नगर प्रहरी नियमावली २०८० बमोजिम योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले देहायको पद र तहमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफनो विवरण यस नगरपालिकाद्धरा निर्धारित दरखास्त फारममा भरी गरुडा नगरपालिकाको NIC ASIA बैंकमा रहेको **आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८ मा** राजश्व तिरेको सकल बैंक भौचर सहित यस कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ भनी मिति २०८१।०४।१४ गते सूचना प्रकाशन गरिएकोमा गरुडा नगरपालिका नगर प्रहरी पदपूर्ति समितिको निर्णयानुसार मिति २०८१।०४।२९ गते देखि ७ (सात) दिन भित्र ईच्छुक योग्य उम्मेदवारहरुले उल्लेखित परीक्षा दस्तुरको दोब्बर दस्तुर बुझाई दरखास्त बुझाउन अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध गराइनेछ ।

**देहाय:**

| सि.नं | विज्ञापन नं. | पद | तह | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १।०८१।०८२ | नगर प्रहरी प्रमुख (अ.स.ई.) | सहायक स्तर चौथो | १(एक) | १,०००। |
| २ | २।०८१।०८२ | नगर प्रहरी हवल्दार | सहायक स्तर तेस्रो | महिला १ र पुरुष १ | ५००। |
| ३ | ३।०८१।०८२ | नगर प्रहरी जवान | सहायक स्तर दोस्रो | महिला २ र पुरुष १० | ३००। |

१. **उमेर :** नगर प्रहरी जवानको हकमा १८ वर्ष भई ३५ वर्ष ननाघेको ( भु.पु. र महिलाको हकमा ४० वर्ष ननाघेको) तथा नगर प्रहरी प्रमुख (अ.स.ई.) र नगर प्रहरी हवल्दारको हकमा २५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. **शारीरिक अवस्था :**

| क.स. | विवरण | योग्यता |
|---|---|---|
| १. | उचाई | पुरुपको हकमा ५ फिट २ ईन्च तथा महिलाको हकमा ५ फिट |
| २. | छातिको चौडाई | ३१ देखि ३३ ईन्च सम्म |
| ३. | तौल | पुरुपको हकमा ५० के.जी.तथा महिलाको हकमा ४५ के.जी. |
| ४. | आँखा | माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । |

३. **दरखास्त दिने स्थान :** गरुडा नगरपालिकाको कार्यालय गरुडा रौतहट

४. **दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन ।

५. **परिक्षाको किसिम :** शारीरिक परिक्षण, विस्तृत स्वास्थ्य परीक्षण, लिखित, अन्तवर्ता ।

६. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नागरिकताको प्रमाणपत्र
- न्युनतम योग्यताको लब्धाङ्ग प्रमाण पत्र तथा चारित्रिक प्रमाण पत्र
- २ (दुई ) प्रति पासपोर्ट साईजको फोटो
- अनुभव खुल्ने प्रमाण पत्र
- प्रहरी रिपोर्ट
- निरोगिताको प्रमाणपत्र

७. **(क) परीक्षा मिति र परीक्षा केन्द्र :** पछि प्रकाशन गरिनेछ ।
**(ख) सम्पर्क मिति :** मिति २०८१/०५/०६

८. **सेवा सुविधा :** नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. **छनौटको किसिम** गरुडा नगरपालिका नगर प्रहरी नियमावली २०८० बमोजिम पदपूर्ति समितिले निर्धारण गरेको मापदण्ड एवं कार्यविधि बमोजिम हुनेछ ।

१०. **शैक्षिक योग्यता :**

(क) **नगर प्रहरी प्रमुख (अ.स.ई.) पदको लागि :** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको अ.स.ई. वा सो सरह पदबाट सेवा अवकाश वा उपदान प्राप्त वा सेवाबाट अलग भएको एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको ।

(ख) **नगर प्रहरी हवल्दार पदको लागि :** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको हवल्दार वा सो सरहको पदबाट अवकाश प्राप्त वा सेवाबाट अलग भएको र कक्षा ८ पास भएको ।

(ग) **नगर प्रहरी जवानको लागि :** कक्षा ८ उर्तिण गरेको वा सरह

८१/०४/२८

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

मुहम्मद मुस्ताक आलिम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner